नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, झापा

## वार्षिक प्रगति विवरण २०७८/७९

### १. कार्यालयको संक्षिप्त परिचयः

२००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव पश्चात् चुस्त एव विकेन्द्रित प्रशासनको आवश्यकता महशुस गरी वडा हाकिमहरुको नियुक्ति गरेको पाइन्छ। यसै क्रममा गढी, गौडा र गोश्वाराको रुपमा गृह प्रशासनको कार्य संचालन भएको थियो। नेपालको संविधान २०१९ अनुसार नेपाललाई १४ अंचल, ७५ जिल्ला र ५ विकास क्षेत्रमा विभाजन गरियो। स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरुप संचालन गर्न तथा शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ लागू गरियो। उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार झापा जिल्लामा पनि जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो । यस कार्यालयको ठेगाना झापा जिल्लाको भद्रपुर नगरपालिका रहेको छ।

### २. यस कार्यालयबाट प्रवाह हुन मूख्य सेवाहरूः

- नेपाली नागरिकता प्रमाणपत्रसम्बन्धी (वंशज, वैवाहिक अंगिकृत, प्रतिलिपि नागरिकता जारी गर्ने)
- नाबालक परिचयपत्र सम्बन्धी,
- नामथर उमेर वतनमा सामान्य संशोधन,
- हातहतियार सम्बन्धी,
- संघसंस्था,पत्रपत्रिका तथा छापाखाना सम्बन्धी,
- मुद्दा, शान्ति सुरक्षा तथा ठाडो उजुरी सम्बन्धी,
- राहदानी सम्बन्धी,
- राष्ट्रिय परिचयपत्र सम्बन्धी,
- अभिलेख व्यवस्थापन।

### ३. यस कार्यालय अन्तर्गत रहेका ईलाका प्रशासन कार्यालयहरू

- ईलाका प्रशासन कार्यालय, दमक
- ईलाका प्रशासन कार्यालय, गौरिगञ्ज

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय झापा

प्रशासकीय अधिकृत

४. दरबन्दी संरचनाः

| सि.नं. | पद श्रेणी | दरबन्दी |
|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ |
| २ | स.प्रमुख जिल्ला अधिकारी | २ |
| ३ | प्रशासकीय अधिकृत | ४ |
| ४ | नायव सुब्बा | १२ |
| ५ | लेखापाल | १ |
| ६ | खरिदार | ६ |
| ७ | कम्प्युटर अपरेटर | ३ |
| ८ | हलुका सवारी चालक | ३ |
| ९ | कार्यालय सहयोगी | ८ |

५. नवप्रवर्तनीय कार्यहरूः

- कार्यालय परिसर सरसफाई र व्यवस्थापन सम्बन्धी
- सीमा क्षेत्रको निरीक्षण तथा अनुगमन,
- भारतीय समकक्षीसँग समन्वय,
- पार्किङ व्यवस्थापन,
- कार्यालयमा Fire Extinguisher को व्यवस्था।

६. समस्या एवं चुनौतीहरूः

समस्या

- कार्यालयमा BackUp नभएको,
- चुस्त एवं दुरूस्त रूपमा अभिलेख व्यवस्थापन गर्न नसकिएको,
- कर्मचारीको दरबन्दी न्यून हुनु,
- कार्यालय समय अघि पछि समेत कार्यालयमा काम गर्नुपर्ने अवस्थामा कर्मचारीहरूलाई प्रोत्साहनका थप सुविधाको व्यवस्थान गर्न नसक्नु,

चुनौतीः

- सीमा सुरक्षा व्यवस्थापन,
- खुल्ला सीमाना व्यवस्थापन,
- आपराधिक क्रियाकलापको नियन्त्रण
- विपद् जोखिम व्यवस्थापन